# सूचना सार्वजनिक गर्ने निकाय: नेपाल धितोपत्र बोर्ड
# सूचना सार्वजनिक गरेको अवधिः पहिलो त्रैमास, आ.व.२०८२/०८३

## १. नेपाल धितोपत्र बोर्डको स्वरुप र प्रकृति :

धितोपत्र कारोवार ऐन, २०४० अनुसार सर्वसाधारण जनताको आर्थिक हित कायम राख्न, देशको आर्थिक विकासमा योगदान पुऱ्याउन, लगानीकर्ताको हकहित संरक्षण गर्न, उद्योगधन्दाको स्वामित्वमा जनसहभागिता बढाउन, संस्थागत सुशासन कायम गर्न र धितोपत्र कारोवारलाई व्यवस्थित र नियमित गर्न नेपाल सरकारबाट यसको नियामक निकायको रुपमा वि.सं.२०५० साल जेष्ठ २५ गते नेपाल धितोपत्र बोर्डको स्थापना गरिएको हो । धितोपत्र बोर्डलाई अंग्रेजीमा Seurities Board of Nepal भनिन्छ ।

वि.सं. २०६३ सालमा धितोपत्र कारोवार ऐन, २०४० खारेज गरी देशको आर्थिक विकासका लागि पुंजी बजारको विकास गरी धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्न धितोपत्रको निष्काशन, खरिद, विक्री, वितरण तथा विनिमयलाई व्यवस्थित वनाई धितोपत्र बजार र धितोपत्र व्यवसायमा संलग्न व्यक्तिहरुको काम कारवाहीलाई नियमित तथा व्यवस्थित गर्नको लागि वृहत उद्देश्यसहित धितोपत्र सम्वन्धी ऐन, २०६३ जारी गरियो । तत्पश्चात धितोपत्र सम्वन्धी ऐन,२०६३ बमोजिम नेपाल धितोपत्र बोर्डले स्वशासित र संगठित संस्थाको रुपमा समग्र पुंजीबजारको नियमन र सुपरिवेक्षण गर्दै आएको छ । साथै, २०७४ भाद्र ११ देखि वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ लागू भए पश्चात वस्तु विनिमय बजारको नियमन गर्ने जिम्मेवारी समेत बोर्डमा आएको छ ।

### ❖ दीर्घकालीन सोच :

स्वच्छ, प्रतिस्पर्धी र फराकिलो धितोपत्र तथा वस्तु विनिमय बजार मार्फत राष्ट्रिय पूँजी निर्माण गर्ने

### ❖ लक्ष्य (Goal):

सबल, गतिशील र विश्वसनीय धितोपत्र तथा वस्तु विनिमय बजारको विकास मार्फत लगानी आकर्षित गर्ने ।

### ❖ उद्देश्य (Objetives):

- धितोपत्र बजार तथा वस्तु विनिमय बजारलाई स्वच्छ, पहुँचयोग्य र विश्वसनीय बनाउने ।
- लगानीकर्ताको हित संरक्षण गर्ने ।
- बजार नियमन तथा सुपरिवेक्षण गर्ने ।
- बजारको प्रणालीगत जोखिमलाई न्यूनीकरण गर्ने ।

- पुँजी बजारमा संलग्न संस्था तथा निकायहरूको व्यवसायिकता तथा संस्थागत सुशासन अभिवृद्धि गर्ने ।

❖ **मूल मान्यता (Core Values) :**

पुँजी बजारलाई स्वच्छ, पारदर्शी, जवाफदेही, विश्वसनीय, गतिशील एवम् प्रतिस्पर्धी बनाउने ।

❖ **रणनीति (Strategy):**

- धितोपत्र तथा वस्तु विनिमय बजारलाई स्वच्छ, प्रतिस्पर्धा र विश्वसनीय बनाउनुका साथै यसको क्षेत्र तथा दायरा अभिवृद्धि गर्ने ।
- कानूनी, संस्थागत र संरचनागत सुधार गरी धितोपत्र तथा वस्तु विनिमय बजार संचालन तथा नियमन प्रणालीलाई अन्तर्राष्ट्रियस्तरको बनाउने ।
- धितोपत्र बजारमा साना र स्वेदशी तथा विदेशी लगानीकर्ताको आर्कषण बढाउने ।
- बोर्डको संस्थागत क्षमता अभिवृद्धि गर्ने

❖ **बोर्डको संचालक समितिः**

धितोपत्र सम्वन्धी ऐन, २०६३ वमोजिम बोर्डमा देहायबमोजिमको ७ सदस्यीय संचालक समिति रहने व्यवस्था छः

| | | |
|---|---|---|
| धितोपत्र बजार व्यवस्थापन, पुँजी बजार विकास, आर्थिक, वित्तीय, वाणिज्य, व्यवस्थापन वा कानुन विषयमा स्नातकोत्तर उपाधि हासिल गरी कम्तिमा सात वर्ष काम गरेका लब्ध प्रतिष्ठित व्यक्तिहरुमध्येवाट नेपाल सरकार (मन्त्रिपरिषद) बाट नियुक्त व्यक्ति | अध्यक्ष | श्री सन्तोष नारायण श्रेष्ठ |
| सह–सचिव, अर्थ मन्त्रालय | सदस्य | श्री उत्तर कुमार खत्री |
| सह–सचिव, कानून, न्याय तथा संसदीय मामिला व्यवस्था मन्त्रालय | सदस्य | श्री बिनोद कुमार भट्टराई |
| कार्यकारी निर्देशक (प्रतिनिधि), नेपाल राष्ट्र बैंक | सदस्य | श्री रेवती प्रसाद नेपाल |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल चाटर्ड एकाउण्टेण्ट्स संस्था | सदस्य | सि.ए. आनन्द राज शर्मा वाग्ले |
| उपाध्यक्ष (प्रतिनिधि), नेपाल उद्योग वाणिज्य महासंघ | सदस्य | श्री हेम राज ढकाल |
| पुँजीबजार विज्ञहरुमध्ये नेपाल सरकार (अर्थ मन्त्रालय) बाट मनोनित | विज्ञ सदस्य | - |


❖ **बोर्डको संगठनात्मक स्वरुपः**

नेपाल धितोपत्र बोर्डको संगठन स्वरुप देहाय बमोजिम रहेको छ ।

(सञ्चालक बोर्डको मिति २०७९/१२/१४ को निर्णयसँग सम्बन्धित)

नेपाल धितोपत्र बोर्डको

सङ्गठन सँरचना




## २. बोर्डको काम, कर्तब्य र अधिकार:

धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम बोर्डको देहाय बमोजिमका काम, कर्तव्य र अधिकारहरु रहेका छन्:

- पुँजी बजारको विकाससँग सम्बन्धित विषयका सम्बन्धमा नेपाल सरकारलाई आवश्यकता अनुसार परामर्श दिने ।
- धितोपत्र सार्वजनिक रुपमा निष्काशन गर्ने गरी स्थापना भएको संगठित संस्थाको धितोपत्र दर्ता गर्ने ।
- दर्ता भएको धितोपत्रको निष्काशन, हस्तान्तरण, बिक्री र विनिमयलाई नियमित तथा व्यवस्थित गर्ने ।
- धितोपत्र बजार संचालन गर्न चाहने संगठित संस्थालाई यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियमका अधीनमा रही धितोपत्र बजार संचालन गर्न अनुमति दिने ।
- धितोपत्र बजारको काम कारवाहीको नियमन तथा अनुगमन गर्ने ।
- धितोपत्र बजारले यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम बमोजिम काम कारवाही गरे नगरेको हेर्ने र नगरेको पाईएमा धितोपत्र बजारको अनुमतिपत्र निलम्वन वा खारेज गर्ने ।
- धितोपत्र व्यवसाय संचालन गर्न चाहने कम्पनी वा संस्थालाई यो ऐन वा यस ऐन अन्तर्गत बनेका नियम तथा विनियमका अधिनमा रही धितोपत्र व्यवसाय संचालन गर्न अनुमति दिने ।
- धितोपत्र व्यवसायीको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने ।
- तोकिए बमोजिमको प्रकृया पूरा गरी धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरूप वर्गीकरण गर्ने र स्तर कायम गर्ने ।
- सामूहिक लगानी योजना तथा लगानी कोष कार्यक्रम संचालन गर्न स्वीकृति दिने तथा सोको नियमन र अनुगमन गर्ने ।
- धितोपत्र बजार तथा धितोपत्र कारोबारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियम स्वीकृत गर्ने र पुँजी बजारको बिकास तथा धितोपत्रमा लगानी गर्ने लगानीकर्ताको हित संरक्षण गर्ने सम्बन्धमा आवश्यक व्यवस्था गर्न धितोपत्र बजार तथा कारोवारमा संलग्न धितोपत्र व्यवसायसँग सम्वन्धित संस्थाहरुको विनियममा आवश्यकता अनुरुप संशोधन गर्न आदेश दिने
- धितोपत्र व्यवसायीको कार्य तथा क्षमता अनुरुप वर्गीकरण गर्ने र स्तर कायम गर्ने ।
- धितोपत्र कारोबार सम्वन्धी हिसाव राफसाफ गर्ने कामलाई नियमित तथा व्यवस्थित गर्ने ।
- धितोपत्र बजारको प्रवर्द्धन, सम्बर्द्धन र स्वच्छ संचालनका लागि धितोपत्रको परिमाण र कारोबारको तरिकालाई नियमित गर्न आवश्यक व्यवस्था गर्ने गराउने ।
- धितोपत्र लगानीकर्ताको हितको संरक्षण गर्नका लागि धितोपत्रको भित्री कारोवार वा धितोपत्र कारोबार सम्वन्धी अन्य कसुर हुन नदिन आवश्यक व्यवस्था गर्ने ।
- धितोपत्र निष्काशन गर्ने संगठित संस्था तथा धितोपत्र व्यवसायीले पेश गरेको आर्थिक विवरण पुनरावलोकन गर्ने, गराउने र तत्सम्वन्धमा आवश्यक देखेको निर्देशन सम्वन्धित संगठित संस्थालाई दिने ।
- धितोपत्र वा कम्पनी सम्वन्धी मामिलाका सम्वन्धमा सुपरिवेक्षण तथा नियमन गर्न सम्वन्धित निकायहरुसँग समन्वय गरी सहयोग लिने दिने ।

- धितोपत्र तथा पुँजी बजार विकासका सम्वन्धमा आवश्यक अन्य कामहरु गर्ने गराउने ।
- धितोपत्र सम्बन्धी ऐन, २०६३ बमोजिम बोर्डले पुँजीबजारको नियमन तथा अनुगमन गर्ने पूर्ण अधिकार प्राप्त गरेको र उक्त ऐनको दफा १०१ को व्यवस्था अनुसार ऐनको बर्खिलाप हुने कार्य गरेमा उक्त कार्य गर्ने व्यक्ति, धितोपत्र व्यवसायी तथा अन्य संस्थाहरुलाई कसूर अनुसार पचास हजारदेखि तीन लाखसम्म जरिवाना तथा दुई वर्षसम्म कैद वा कारोबार, पेशा वा व्यवसाय गर्न आंशिक वा पूर्ण रूपमा रोक लगाउने र अनुमतिपत्र, इजाजतपत्र वा दर्ता निलम्बन गर्ने वा खारेज गर्ने व्यवस्था समेत रहेको छ ।

**धितोपत्र सम्वन्धी ऐन, २०६३ बमोजिम बोर्डका देहाय बमोजिमका विशेष अधिकारहरु रहेका छन् :**

- धितोपत्र सार्वजनिक निष्काशन गरेका संगठित संस्थाले प्रचलित कानुन बमोजिम बोलाउनु पर्ने साधारण सभा निर्धारित समयभित्र नबोलाएमा साधारण सभा बोलाउन तथा निर्धारित समयभित्र धितोपत्र बाँडफाँट नगरेमा त्यस्तो धितोपत्रको लागि जम्मा भएको रकम फिर्ता गर्न आदेश दिने,
- धितोपत्र बजारसँग परामर्श गरी बढीमा पाँच दिनसम्मका लागि धितोपत्र बजार बन्द गर्न आदेश दिने तथा धितोपत्र सूचीकरण गराउन वा धितोपत्रको कारोबार रोक्न सम्बन्धित संगठित संस्थालाई निर्देशन दिने,
- धितोपत्र बजारको सञ्चालक समिति पुनर्संरचना गर्न धितोपत्र बजारलाई निर्देशन दिने,
- धितोपत्र बजारले आफ्नो सदस्यलाई कुनै कारबाही गरेको जानकारी उक्त ऐनको दफा ५२ बमोजिम प्राप्त गरेमा त्यस्तो सदस्यलाई उपयुक्त कारबाही गर्ने वा त्यस्तो सदस्यको अनुमतिपत्र खारेज गर्ने,
- धितोपत्र दर्ता गराएका संगठित संस्थालाई सो संस्थाको व्यवस्थापन, आर्थिक प्रबन्ध तथा अन्य सम्बन्धित व्यवस्थामा सुधार गर्न निर्देशन दिने,
- धितोपत्र बजार, धितोपत्र व्यवसायी तथा धितोपत्र दर्ता गराउने संगठित संस्थाका कुनै सञ्चालक वा कर्मचारीले धितोपत्र सम्बन्धी काम कारबाही गर्दा यो ऐन वा यस ऐन अन्तर्गत बनेको नियम तथा विनियम र सो अन्तर्गत बोर्डले दिएको आदेश वा निर्देशन उल्लंघन गरेमा त्यस्ता सञ्चालक वा कर्मचारीलाई आवश्यक कारबाही चलाउन सम्बन्धित धितोपत्र बजार, धितोपत्र व्यवसायी वा धितोपत्र दर्ता गराउने संगठित संस्थालाई आदेश दिने लगायतका अन्य अधिकारहरु समेत बोर्डमा रहेका छन् ।

❖ **वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम बोर्डका देहाय अनुसारका काम, कर्तव्य र अधिकारहरु रहेका छन्:**

- वस्तु विनिमय बजार तथा वस्तु कारोबारको विकाससँग सम्बन्धित विषयमा नेपाल सरकारलाई सुझाव दिने ।
- वस्तु विनिमय बजारको विकासको लागि दीर्घकालीन तथा अल्पकालीन योजना तथा नीति स्वीकृत गर्ने ।

- वस्तु विनिमय बजार सञ्चालन सम्बन्धी सम्भाव्यता अध्ययन गर्ने ।
- वस्तु विनिमय बजारमा कारोबार गर्न सकिने वस्तु तथा वस्तु करारको दर्ता गर्ने ।
- कुनै वस्तु सूचीकरण गराउन वा सूचीकरणबाट हटाउन वा कुनै कारोबार रोक्का गर्न सम्बन्धित वस्तु विनिमय बजारलाई निर्देशन दिने ।
- वस्तु विनिमय बजारको विद्युतीय कारोबार प्रणालीमा कुनै समस्या देखिएमा वा सुधार गर्नुपर्ने देखिएमा त्यस्तो सुधार नगरेसम्मका लागि कारोबार स्थगन गर्न आदेश दिने ।
- बोर्डमा दर्ता भएको वस्तु तथा वस्तु करारको खरिद, बिक्री, हस्तान्तरणलाई नियमित तथा व्यवस्थित गर्ने
- अनुमतिपत्र प्राप्त संस्था तथा कारोबारमा संलग्न पक्षको काम कारबाहीको नियमन तथा अनुगमन गर्ने तथा अनुमतिपत्र प्राप्त संस्थाको विनियम स्वीकृत गर्ने ।
- लगानीकर्ताको हित संरक्षण गर्न सम्बन्धित अनुमतिपत्र प्राप्त संस्थालाई विनियममा आवश्यक व्यवस्था गर्न निर्देशन दिने ।
- वस्तु वा वस्तु करार सम्बन्धी विषयमा सुपरिवेक्षण तथा नियमन गर्न अन्य नियमनकारी निकायसँग समन्वय गर्ने तथा तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

## ३. बोर्डमा कार्यरत रहेका कर्मचारी संख्या र कार्य विवरण:

| कार्यरत पद | संख्या | कार्य विवरण |
|---|---|---|
| अध्यक्ष | १ | संस्था प्रमुख |
| कार्यकारी निर्देशक | ३ | विभागीय प्रमुख |
| का.मु कार्यकारी निर्देशक | १ | विभागीय प्रमुख |
| उप—कार्यकारी निर्देशक | ६ | महाशाखा प्रमुख |
| निर्देशक | २० | शाखा प्रमुख |
| का.मु.निर्देशक | २ | शाखा प्रमुख |
| सहायक निर्देशक | ३२ | कार्यालयको कार्य |
| बरिष्ठ सहायक | ९ | कार्यालयको कार्य |
| सहायक | ४ | कार्यालयको कार्य |
| सवारी चालक | १ | सवारी चालक |
| सहयोगी | ५ | कार्यालय सहयोगी |
| सवारी चालक (करार) | ४ | सवारी चालक |
| सहयोगी (करार) | ५ | कार्यालय सहयोगी |
| जम्मा | ९३ | |

## ४. बोर्डबाट प्रदान गरिने सेवाहरू:

१) धितोपत्र नियमन महाशाखा

क) शेयर दर्ता तथा निष्काशन शाखा

| क्र.सं. | सेवाको विवरण | पेश गर्नुपर्ने कागजात | सम्पर्क अधिकारी | लाग्ने समय | शुल्क/दस्तुर | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | धितोपत्र दर्ता | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम ३ बमोजिमको कागजातहरु | निर्देशक, शेयर दर्ता तथा निष्काशन शाखा | दर्ता दस्तुर बुझाएको ७ कार्य दिन / प्राप्त विवरण तथा कागजातको जाँचबुझ गर्दा धितोपत्र दर्ता गर्न मनासिब नदेखिएमा बोर्डले त्यस्तो धितोपत्र दर्ता गर्ने छैन । | निवेदन दस्तुरः रु.२०,०००।– दर्ता दस्तुर (धितोपत्र निष्काशन मूल्यको): १) शेयरः ०.२ प्रतिशत | उप कार्यकारी निर्देशक, धितोपत्र नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | विवरणपत्र/ हकप्रद शेयर निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिकाको जाँचबुझ तथा सुधार एवं संशोधन गर्न रायप्रतिक्रिया दिने | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४ बमोजिमका आवश्यक कागजातहरु | | | प्रशोधन शुल्क रु.२५,०००।– | | |
| ३ | विवरणपत्र/ हकप्रद शेयर | धितोपत्र दर्ता तथा | | सम्पूर्ण कागजात | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | निष्काशन सम्बन्धी विवरण/ परिपत्र विधिको विवरण/बिक्री प्रस्ताव/विवरण पुस्तिका प्रकाशन गर्न स्वीकृत प्रदान गर्ने | निष्काशन नियमावली, २०७३, धितोपत्र निष्काशन तथा बाँडफाँट निर्देशिका, २०७४, बमोजिमका आवश्यक कागजातहरु | | पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश गरी धितोपत्र दर्ता दस्तुर बुभाएको ७ कार्य दिन | | | |

| ख) ऋणपत्र, लगानीकोष तथा अन्य धितोपत्र दर्ता निष्काशन शाखा | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| क.सं. | सेवाको विवरण | पेश गर्नुपर्ने कागजात | सम्पर्क अधिकारी | लाग्ने समय | शुल्क/दस्तुर | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
| १ | ऋणपत्र तथा बण्डको दर्ता तथा निष्काशन | धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को नियम २९ | निर्देशक, ऋणपत्र, लगानीकोष तथा अन्य धितोपत्र दर्ता निष्काशन शाखा | दर्ता ः दर्ता दस्तुर बुझाएको ७ कार्य दिन विवरणपत्र प्रकाशनको स्वीकृति ः सम्पूर्ण कागजात पेश भई राय प्रतिक्रिया बमोजिम संशोधन गरिएको विवरणपत्र पेश भएको | १) डिवेन्चर तथा बन्डः (क) १० अर्वसम्म ०.१५ प्रतिशत (ख) १० अर्व देखि माथि २० अर्वसम्म ०.१२ प्रतिशत (ग) २० अर्व देखि माथि ०.१० प्रतिशत | उप कार्यकारी निर्देशक, धितोपत्र नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |
| २ | अन्तर्राष्ट्रिय वित्तीय संस्थाको ऋणपत्र तथा अन्य धितोपत्र दर्ता तथा निष्काशन | | | | १) धितोपत्र निष्काशन मूल्यको ०.१० प्रतिशत | | |

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ३ | सामुहिक लगानी योजनाको दर्ता तथा निष्काशन | सामूहिक लगानी कोष नियमावली, २०६७ तथा सामूहिक लगानी कोष निर्देशिका, २०६९ बमोजिमका आवश्यक कागजातहरु | | | सामुहिक लगानी योजना अन्तर्गतको: १) योजना दर्ता तथा निष्काशन शुल्क क) एक अर्व रुपैयाँसम्म ०.१० प्रतिशत वा न्यूनतम पाँच लाख रुपैयाँ ख) एक अर्व देखि २ अर्व रुपैयाँ सम्म ०.०७५ प्रतिशत वा न्यूनतम दश लाख रुपैयाँ ग) दुई अर्व रुपैयाँ देखि माथि ०.०५ प्रतिशत वा न्यूनतम पन्ध्र लाख रुपैयाँ | | |
| ४ | विशिष्टीकृत लगानी कोष दर्ता तथा निष्काशन | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ बमोजिमका आवश्यक कागजातहरु | | | १) निवेदन शुल्क रु.५० हजार रुपैयाँ २) कोष दर्ता शुल्क क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म ५ लाख रुपैयाँ ख) ५० करोड रुपैयाँ देखि १ अर्व रुपैयाँसम्म ७ लाख रुपैयाँ | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ग) १ अर्व रुपैयाँ देखि माथि जतिसुकै भएपनि १० लाख रुपैयाँ | | |

ग) धितोपत्र बजार, सिडिएस तथा धितोपत्र व्यवसायी नियमन शाखा

| क्र.सं. | सेवाको विवरण | पेश गर्नुपर्ने कागजात | सम्पर्क अधिकारी | लाग्ने समय | शुल्क/दस्तुर | जिम्मेवार अधिकारी | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|---|---|
| १ | धितोपत्र दलाल तथा धितोपत्र व्यापारीलाई धितोपत्र व्यवसाय गर्नको लागि अनुमति पत्र प्रदान गर्ने | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम ३ बमाजिमको बिवरण तथा कागजात । | निर्देशक, धितोपत्र व्यवसायी नियमन शाखा | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | <u>धितोपत्र दलालः</u> निवेदन दस्तुर — (क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ५०,०००।— (क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. १,००,०००।— अनुमति दस्तुर — (क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. २५,००,०००। — (क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. | उप कार्यकारी निर्देशक, धितोपत्र नियमन महाशाखा | कार्यकारी निर्देशक, नियमन विभाग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ५०,००,०००। —<br>**धितोपत्र व्यापारीः**<br>निवेदन दस्तुरः रु.२,००,०००। —,<br>अनुमति दस्तुरः रु. १,००,००,००० ।— | | |
| २ | शेयर विक्री वा हस्तान्तरण गर्दा अभिलेख गर्ने | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम १२ को उपनियम (५) बमाजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | शेयरको बिक्री मूल्यको शून्य दशमलब पच्चीस प्रतिशत | | |
| ३ | आधिकारिक प्रतिनिधिको दर्ता | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को नियम २३ बमोजिम योग्यता | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | दस्तुर नलाग्ने | | |

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | पुगेको तथा सोही नियमावली को नियम २१ को उपनियम (३) बमोजिमको निवेदन, बिवरण तथा कागजात । | | | | | |
| ४ | धितोपत्र दलाल तथा धितोपत्र व्यापारी तथा बजार निर्माताको अनुमति नबिकरण गर्ने । | धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४ को अनुसूचि ८ बमोजिमको ढाँचामा निवेदन तथा सक्कल प्रमाण पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **<u>धितोपत्र दलाल ः</u>**— बार्षिक शुल्क — (क) सीमित कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. १,५०,०००।— (क) पूर्ण कार्य गर्ने धितोपत्र दलाल व्यवसायीको लागि रु. ३,००,०००।— **धितोपत्र व्यापारी** ः— रु.५,००,००० ।— प्रतिलिपी शुल्कः रु.२५,०००। | | |
| ५ | धितोपत्र व्यवसाय (मर्चेन्ट बैंकर) गर्नको लागी | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट | **<u>निष्काशन तथा बिक्री प्रबन्धकः</u>** निवेदन दस्तुर रु. २५,०००।—, | | |

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | अनुमति पत्र प्रदान गर्ने । | को नियम ३ बमोजिमको बिवरण तथा कागजात । | | प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | अनुमति दस्तुर रु. ३००,०००।— **<u>शेयर रजिष्ट्रेशनः</u>** निवेदन दस्तुर रु. २५,०००।— अनुमति पत्र दस्तुर रु. २००,०००।— **<u>धितोपत्र प्रत्याभुतिः</u>** निवेदन दस्तुर रु. २५,०००।— अनुमतिपत्र दस्तुर रु. ३००,०००।— **<u>लगानी व्यवस्थापनः</u>** निवेदन दस्तुर रु. २५,०००।—, अनुमतिपत्र दस्तुर रु. २००,०००।— **<u>लगानी परामर्शः</u>** निवेदन दस्तुर रु. २५,०००।—, अनुमतिपत्र दस्तुर रु. ३००,०००।— | | |
| ६ | शेयर विक्रि वा हस्तान्तरण गर्दा अभिलेख गर्ने | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम १० को उपनियम (७) बमोजिम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | शेयरको बिक्री मूल्यको शून्य दशमलव तीन प्रतिशत | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विवरण तथा कागजात | | | | | |
| ७ | धितोपत्र व्यवसाय (मर्चेन्ट बैंकर) को अनुमति पत्र नविकरण गर्ने । | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७ बमोजिम निवेदन तथा सक्कल अनुमतिपत्र । | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि ३० दिन भित्र । | निष्काशन तथा बिक्री प्रबन्ध रु. १५०,०००।–, शेयर रजिष्ट्रेशन रु. १००,०००।–, धितोपत्र प्रत्याभूति रु. १५०,०००।–, लगानी व्यवस्थापन रु. १००,०००।– लगानी परामर्शः रु. १५०,०००।– | | |
| ८ | अनुमतिपत्र को प्रतिलिपि प्रदान गर्ने | धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४ को नियम ७क बमोजिम विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ७ दिन भित्र । | प्रतिलिपि शुल्क रु.१०,०००।– | | |
| ९ | धितोपत्र बजार संचालन गर्ने सिफारिस प्रदान गर्ने | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ३ को उपनियम (२) बमोजिमको | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | निवेदन दस्तुर रु.१,००,०००।– | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बिवरण तथा कागजात । | | | | | |
| १० | धितोपत्र बजार संचालन गर्न अनुमतिपत्र प्रदान गर्ने । | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ४ को उपनियम (२) बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | रु. १,५०,००,००० ।— | | |
| ११ | धितोपत्र बजार संचालन अनुमतिपत्र नबिकरण गर्ने । | धितोपत्र बजार संचालन नियमावली, २०६४ को नियम ८ बमोजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | रु. १०,००,०००। — | | |
| १२ | सामुहिक लगानी कोष दर्ता गर्ने | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम ३ बमोजिम योग्यता पूरा भएको तथा नियम ४ | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | निवेदन दस्तुर रु. ५०,०००।— दर्ता दस्तुर रु. १०,००,०००। — | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बमोजिमको बिवरण तथा कागजात । | | | | | |
| १३ | योजना व्यवस्थापक तथा डिपोजिटरी को अनुमतिपत्र प्रदान गर्ने | सामुहिक लगानी कोष नियमावली, २०६७ नियम १४ र १५ बमोजिम योग्यता पूरा भएको तथा नियम १३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | **अनुमतिपत्र दस्तुर** योजना व्यवस्थापक रु.५,००,०००।— डिपोजिटरी रु.१००,०००।— | | |
| १४ | योजना व्यवस्थापक तथा डिपोजिटरी को अनुमतिपत्र नवीकरण गर्ने | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम १७ बमेजिम निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | **अनुमतिपत्र दस्तुर** योजना व्यवस्थापक रु.१,००,०००।— डिपोजिटरी रु.२५,०००।— | | |
| १५ | कोष सुपरिवेक्षक नियुक्ति गर्न स्वीकृति प्रदान गर्ने | सामूहिक लगानी कोष नियमावली, २०६७ को नियम ७ | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि | दस्तुर नलाग्ने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | बमोजिम योग्यता पूरा भई सोही नियमावली को नियम ६ बमोजिमको विवरण तथा कागजात | | प्रकृया अगाडी बढ्ने । | | | |
| १६ | धितोपत्रको केन्द्रिय निक्षेप कम्पनीको अनुमतिपत्र प्रदान गर्ने | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम ३ बमोजिमको बिवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढने । | निवेदन दस्तुर रु. २५,०००।— अनुमतिपत्र दस्तुर रु.५,००,०००।— | | |
| १७ | धितोपत्रको केन्द्रिय निक्षेप कम्पनीको अनुमतिपत्र नवीकरण गर्ने | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम ८ बमोजिमको निवेदन तथा सक्कल अनुमति पत्र । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु.३,००,०००।— | | |
| १८ | केन्द्रीय निक्षेप कम्पनीको शेयर विक्री वा | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट | शेयर विक्री मूल्यको ०.५ प्रतिशत | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | हस्तान्तरण गर्ने | १६ बमोजिमको बिवरण तथा कागजात । | | प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | | | |
| १९ | निक्षेप सदस्यको दर्ता प्रमाणपत्र प्रदान गर्ने । | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २० बमोजिम योग्यता पूरा भई नियम २१ बमोजिमको विवरण तथा कागजात । | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | निवेदन दस्तुर रु. ५,०००।— अनुमतिपत्र दस्तुर रु.५०,०००।— | | |
| २० | निक्षेप सदस्यको दर्ता प्रमाणपत्र नवीकरण गर्ने । | धितोपत्रको केन्द्रिय निक्षेप सेवा नियमावली, २०६७ को नियम २२ बमोजिमको निवेदन तथा सक्कल दर्ताप्रमाणपत्र | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु २५,०००।— | | |
| २१ | क्रेडिट रेटिङ्ग कम्पनी स्थापना गर्न सहमतिपत्र प्रदान गर्ने | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ४ बमोजिमको | | नियमावलीले तोकिए बमोजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि | दस्तुर नलाग्ने | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | विवरण तथा कागजात । | | प्रकृया अगाडी बढ्ने । | | | |
| २२ | क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र प्रदान गर्ने । | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ६ बमोजिमको विवरण तथा कागजात | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | निवेदन दस्तुर रु. १०,०००।– अनुमतिपत्र दस्तुर रु. १,५०,०००।– | | |
| २३ | क्रेडिट रेटिङ्ग कम्पनी को अनुमतिपत्र नवीकरण गर्ने । | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ को नियम ११ बमोजिमको निवेदन तथा सक्कल अनुमितपत्र । | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | रु. १,००,०००।– | | |
| २४ | आस्वा सेवा अनुमति प्रदान गर्ने | धितोपत्र खरिद (सार्वजनिक निष्कासन) सम्बन्धी निर्देशिका, २०७३ को दफा ३, ४ र ५ वमोजिम | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु कम्पनीबाट प्राप्त भएपछि प्रकृया अगाडी बढ्ने । | निवेदन दस्तुर रु. ५,०००।– अनुमतिपत्र दस्तुर रु. २५,०००।– | | |
| २५ | आस्वा सेवा अनुमति नवीकरण | धितोपत्र खरिद (सार्वजनिक निष्कासन) | | नियमावलीले तोकिए बमोेजिमको सम्पूर्ण कागजातहरु | रु. २५,०००।– | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | सम्बन्धी निर्देशिका, २०७३ को दफा ६ वमोजिम | | कम्पनीबाट प्राप्त भएको ३० दिन भित्र । | | | |
| २६ | विशिष्टिकृत लगानी कोषको संचालन तथा व्यवस्थापन गर्न कोष व्यवस्थापक को अनुमतिपत्र लिनुपर्ने | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम २, ३ र ४ बमोजिम निवेदन | | ३५ दिन | १) कोष व्यवस्थापक दर्ता शुल्क रु.३ लाख<br>२) कोष व्यवस्थापकको बार्षिक शुल्क रु.१ लाख ५० हजार | | |
| २७ | विशिष्टिकृत लगानी कोष बोर्डमा दर्ता गर्नुपर्ने | विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ को नियम १४ बमोजिम निवेदन | | | १) निवेदन शुल्क रु.५० हजार<br>२ कोष दर्ता शुल्कः<br>क) १ करोड रुपैयाँ देखि ५० करोड रुपैयाँसम्म ५ लाख रुपैयाँ<br>(ख) ५० करोड रुपैयाँ देखि १ अर्व रुपैयाँसम्म ७ लाख रुपैयाँ<br>(ग) १ अर्व रुपैयाँ देखि माथि जतिसुकै भएपनि १० लाख रुपैयाँ | | |
| **२) वस्तु विनिमय नियमन महाशाखा** | | | | | | | |
| १ | वस्तु विनिमय बजार सञ्चालन गर्न पूर्व स्वीकृति लिनुपर्ने | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ | निर्देशक, वस्तु बजार तथा व्यवसायी नियमन | ३० दिन | निवेदन दस्तुरः रु. २५,०००।—<br>पूर्व स्वीकृति शुल्कः रु. ५०,०००।— | उप कार्यकारी निर्देशक, वस्तु विनिमय | कार्यकारी निर्देशक, नियमन विभाग |

नेपाल धितोपत्र बोर्ड २०५० ललितपुर

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | को नियम ३, ४ र ५ वमोजिमको कागजात तथा विवरण | शाखा र वस्तु करार, विनिमय र राफसाफ तथा फस्छ्यौट शाखा | | | नियमन महाशाखा | |
| २ | वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र लिनुपर्ने | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | १२० दिन | निवेदन दस्तुरः रु. २५,०००।– | | |
| ३ | वस्तु विनिमय बजार सञ्चालन गर्ने अनुमतिपत्र नवीकरण | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ वमोजिम कागजात तथा विवरण | | ३० दिन | नवीकरण दस्तुरः रु. ७५०,०००।– | | |
| ४ | वस्तु कारोवार व्यवसायी अनुमतिपत्र लिनुपर्ने | बजार सम्बन्धी नियमावली, २०७४ को नियम ६ र ७ वमोजिम कागजात तथा विवरण | | ९० दिन | राफसाफ तथा फस्र्यौट निवेदन दस्तुरः रु. २०,०००।– अनमतिपत्र दस्तुरः रु. ४००,०००।– वेयर हाउस | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | निवेदन दस्तुरः रु. २०,०००।— अनुमतिपत्र दस्तुरः रु. ५००,०००।— बजार निर्माता निवेदन दस्तुरः रु. २०,०००।— अनमतिपत्र दस्तुरः रु. ४००,०००।— लगानी व्यवस्थापक निवेदन दस्तुरः रु. १५,०००।— अनुमतिपत्र दस्तुरः रु. ३००,०००।— लगानी परामर्शदाता निवेदन दस्तुरः रु. १५,०००।— अनुमतिपत्र दस्तुरः रु. ३००,०००।— संरक्षक (कस्टोडियन) निवेदन दस्तुरः रु. १५,०००।— अनुमतिपत्र दस्तुरः रु. ३००,०००।— वस्तु कारोबार दलाल | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | निवेदन दस्तुरः रु. १५,०००।— अनुमतिपत्र दस्तुरः रु. ३००,०००।— वस्तु कारोबार व्यापारी निवेदन दस्तुरः रु. १५,०००।— अनुमतिपत्र दस्तुरः रु. ३००,०००।— | | |
| ५ | वस्तु कारोवार व्यवसायी अनुमतिपत्र नवीकरण | वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४ को नियम ८ वमोजिम निवेदन | | | नवीकरण दस्तुर राफसाफ तथा फर्स्यौटः रु. १२०,०००।— वेयर हाउसः रु. १५०,०००।— बजार निर्माताः रु. १२०,०००।— लगानी व्यवस्थापकः रु. ९०,०००।— लगानी परामर्शदाताः रु. ९०,०००।— संरक्षक (कस्टोडियन)ः रु. ९०,०००।— वस्तु कारोबार दलालः रु. ९०,०००।— वस्तु कारोबार व्यापारीः रु. ९०,०००। | | |
| ३) कानून महाशाखा | | | | | | | |
| क) गुनासो व्यवस्थापन शाखा | | | | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १ | लगानीकर्ता तथा धितोपत्र बजारमा असर पर्ने कुनै पनि गुनासाहरु समाधान गर्ने । | सम्बन्धित विषयमा आफ्नो गुनासो र त्यस गुनासोलाई पुष्टि गर्ने अन्य कागजात (कागजात भएको खण्डमा) । | निर्देशक, कानून प्रवलीकरण शाखा | धितोपत्र सम्बन्धी कसूर सम्बन्धमा बोर्डमा उजुरी दर्ता पश्चात धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नियमावलीहरु को व्यवस्था अनुसार उक्त उजुरी उपर अनुसन्धान तथा तहकिकात कार्य अगाडी बढाउने र बोर्डको टोलफ्रि तथा हटलाईन टेलिफोनबाट प्राप्त समस्या, गुनासो तथा जिज्ञासाको तत्समयमा सम्बन्धित महाशाखा, शाखासंग समन्वय गरी सम्बोधन गर्ने । | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, कानून महाशाखा | कार्यकारी निर्देशक, व्यवस्थापन तथा कानुन विभाग |
| **४) नीति, अनुसन्धान तथा सूचना प्रविधि महाशाखा** | | | | | | | |
| **क) नीति, अनुसन्धान तथा योजना शाखा** | | | | | | | |
| १ | अध्ययन तथा प्रकाशन सम्बन्धी जानकारी | | निर्देशक, अनुसन्धान, संस्थागत नीति योजना तथा | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, धितोपत्र तथा वस्तु | कार्यकारी निर्देशक, वस्तु बजार तथा अनुसन्धान विभाग |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जोखिम व्यवस्थापन शाखा | | | बजार अनुसन्धान महाशाखा | |
| ख) तालिम, प्रशिक्षण तथा प्रमाणिकरण शाखा शाखा | | | | | | | |
| धितोपत्र तथा वस्तु विनिमय बजारसम्बन्धी शिक्षा तथा तालिमको जानकारी | | | निर्देशक, प्रशिक्षण तथा वित्तीय साक्षरता शाखा | सोही दिन | दस्तुर नलाग्ने | उप कार्यकारी निर्देशक, धितोपत्र तथा वस्तु बजार अनुसन्धान महाशाखा | कार्यकारी निर्देशक, वस्तु बजार तथा अनुसन्धान विभाग |

## ५.सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी:

नेपाल धितोपत्र बोर्डको काठमाडौं बाहिर कुनै पनि शाखा कार्यालय नरहेको ।

## ६. बोर्डको विभाग, महाशाखा र जिम्मेवार अधिकारी:

| सि नं. | जिम्मेवार अधिकारी | बिभाग/महाशाखा/शाखा | टेलिफोन नं. |
|---|---|---|---|
| १ | कार्यकारी निर्देशक, डा. नवराज अधिकारी | नीति, अनुसन्धान तथा प्रशिक्षण विभाग | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१८ |
| २ | कार्यकारी निर्देशक, श्री विनयदेव आचार्य | व्यवस्थापन तथा कानुन विभाग | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०७ |
| ३ | कार्यकारी निर्देश , श्री मुक्तिनाथ श्रेष्ठ | नियमन विभाग | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१५ |
| ४ | का.मु कार्यकारी निर्देशक, श्री रुपेश के. सी | सुपरीवेक्षण विभाग | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २०७ |
| ५ | उप कार्यकारी निर्देशक, श्री दीपा दाहाल | व्यवस्थापन महाशाखा र वस्तु विनिमय नियमन महाशाखा | ०१–५५४१०५७, ५५५०५११ |

| | | | |
|---|---|---|---|
| | | | एक्सटेन्सन नं. ४०३ |
| ६ | उप कार्यकारी निर्देशक, श्री निरञ्जय घिमिरे | कानून महाशाखा | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४१५ |
| ७ | उप कार्यकारी निर्देशक, श्री अम्बिका प्रसाद गिरी | धितोपत्र नियमन महाशाखा | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. २१४ |
| ८ | उप कार्यकारी निर्देशक, श्री नारायण प्रसाद शर्मा | नीति अनुसन्धान तथा सूचना प्रविधि महाशाखा | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०४ |
| ९ | उप कार्यकारी निर्देशक, श्री दिपेश ताम्राकार | धितोपत्र कारोबार तथा वस्तुबजार सुपरिवेक्षण महाशाखा | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३०८ |
| १० | उप कार्यकारी निर्देशक, श्री तेज प्रसाद देवकोटा | तालिम, प्रशिक्षण तथा वित्तीय साक्षरता महाशाखा | ०१–५५४१०५७, ५५५०५११, एक्सटेन्सन नं. ४०६ |
| ११ | निर्देशक, श्री विनोद पौडेल (गुनासो व्यवस्थापन) | गुनासो व्यवस्थापन शाखा | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ४०५ |
| १२ | निर्देशक, श्री श्यामु मण्डल | जनसम्पर्क तथा अन्तर्राष्ट्रिय सम्बन्ध शाखा | ०१–५५४१०५७, ५५५०५११ एक्सटेन्सन नं. ३१४ |

## ७. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः

बोडको सेवा प्राप्त गर्न बुंदा नं.४ को तालिकामा उल्लेख भए बमोजिमको शुल्क तथा समय लाग्दछ ।

## ८. निणर्य गर्ने प्रक्रिया र अधिकारीः

बोर्डमा गरिने निर्णयहरु धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४ बमोजिम हुने गर्दछन् । बिभिन्न शाखाहरुबाट उठान भएको बिषयमा तहगत रुपमा राय पेश हुदै केही बिषयमा बोर्ड अध्यक्षबाट निर्णय हुन्छ । केही बिषयहरु संचालक समितिमा पेश भई सञ्चालक समितिबाट अन्तिम निर्णय हुने गर्दछ ।

## ९. निणर्य उपर उजुरी सुन्ने अधिकारीः

कार्यकारी अध्यक्ष

## १०. सम्पादन गरेको कामको विवरणः

आ.व.२०८२।८३ को पहिलो त्रैमाससम्ममा बोर्डबाट सम्पन्न भएका प्रमुख कार्यहरु देहाय बमोजिम रहेको छः

## धितोपत्र नियमन महाशाखा अन्तर्गत भएका कार्यहरु

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | धितोपत्र बजारको अनुमतिपत्र नविकरण | १ |
| २ | केन्द्रीय निक्षेप कम्पनीको अनुमतिपत्र नविकरण | १ |
| ३ | आश्वा सदस्यहरुको नविकरण | २९ |
| ४ | निक्षेप सदस्यहरुको नविकरण | १२२ |
| ५ | मर्चेन्ट बैंकरको अनुमतिपत्र नविकरण | ३२ |
| ६ | धितोपत्र दलाल व्यवसायीको अनुमतिपत्र नविकरण | ९० |
| ७ | धितोपत्र व्यापारीको अनुमतिपत्र नविकरण | २ |
| ८ | क्रेडिट रेटिङ्ग कम्पनीको अनुमतिपत्र नविकरण | ३ |
| ९ | विशिष्टीकृत लगानी कोष व्यवस्थापकको अनुमतिपत्र प्रदान गरिएको | १५ |
| १० | योग्य संस्थागत लगानीकर्ताको अनुमतिपत्र प्रदान गरिएको | १५० |
| ११ | प्रारम्भिक सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृती | ३ |
| १२ | हकप्रद निष्काशनको विवरणपत्र स्वीकृति | ४ |
| १३ | बोनस शेयर रजिष्ट्रेशन | ७ |
| १४ | सामुहिक लगानी कोष योजना स्वीकृती (थप आकार वृद्वी समेत गरि) | ७ |
| १६ | पूँजी संरचना परिवर्तन अभिलेख गरिएको | २ |

## प्राइभेट इक्यूटी तथा भेन्चर क्यापिटलको कोष व्यवस्थापकको अनुमतिपत्र प्रदान गरिएको

| क्र.सं. | नाम | ठेगाना | अनुमतिपत्र प्राप्त मिति |
|---|---|---|---|
| १ | म्याभरिक कौटिल्य भेन्चर लि. | लैनचौर, काठमाडौं | २०८२/०४/१६ |
| २. | मोघा इन्फ्राब्लक्स लि. | विशालनगर, काठमाडौं | २०८२/०४/१६ |

## मर्चेन्ट बैंकरको अनुमतिपत्र प्रदानः

| क्र.सं. | नाम | ठेगाना | अनुमतिपत्र प्राप्त मिति |
|---|---|---|---|
| १ | सम्पन्न क्यापिटल एन्ड एड्भाइजरी नेपाल लि. | पुल्चोक, ललितपुर | २०८२/०६/०७ |

- सम्पन्न क्यापिटल एन्ड एड्भाइजरी नेपाल लि. (लगानी व्यवस्थापन सेवा थप, मिति (२०८२/०६/०७)

- धितोपत्र दलाल व्यवसायीलाई विभिन्न स्थानमा शाखा कार्यालय खोल्न स्वीकृति प्रदान :

| क्र.स. | नाम | शाखा कार्यालय रहने स्थान | अनुमतिपत्र प्राप्त मिति |
|---|---|---|---|
| १ | प्राइमो सेक्युरिटिज प्रा.लि. | नेपालगंज, बाँके | २०८२।०४।०६ |

- यस सँगै आ.व. २०८२।८३ को पहिलो त्रैमास सम्ममा धितोपत्र दलाल व्यवसायीको शाखा कार्यालयको संख्या जम्मा ११३ रहेको छ ।

- आ.व. २०८२।८३ को पहिलो त्रैमास सम्ममा भएको सार्वजनिक निष्काशनको विवरणपत्र स्वीकृतिः

| क्र. स. | निष्काशनको प्रकार | दर्ता संख्या | दर्ता भएको धितोपत्र (संस्थापक शेयर समेत) | | निष्काशन गरिने धितोपत्र | |
|---|---|---|---|---|---|---|
| | | | संख्या | रकम रू. | संख्या | रकम रू. |
| १. | प्रारम्भिक सार्वजनिक निष्काशन (IPO) | ३ | ३,६६,५३,८७१ | ३,६६,५३,८७,१०० | ९९,४७,०४८ | ९९,४७,०४,८०० |
| २. | हकप्रद निष्काशन (Right Issue) | ४ | ३,७७,८०,६७७ | ३,७७,८०,६७,७०० | ३,७७,८०,६७७ | ३,७७,८०,६७,७०० |
| ३. | सामुहिक लगानी कोष योजना - थप आकार वुद्वी सहित (Mutual Fund Scheme @Rs. 10 Per Unit) | ७ | ६१,७५,००,००० | ६,१७,५०,००,००० | ६१,७५,००,००० | ६,१७,५०,००,००० |
| ४. | बोनश शेयर | ७ | १,७७,०४,९६७.६४ | १,७७,०४,९६,७६४ | १,७७,०४,९६७.६४ | १,७७,०४,९६,७६४ |

## कानून महाशाखा अन्तर्गत भएका कार्यहरुः

| क्र.सं. | कार्य विवरण | सम्पादनको स्थिति (भएको/नभएको) |
|---|---|---|
| १ | धितोपत्र सम्बन्धी ऐन, २०६३ र वस्तु विनिमय बजारसम्बन्धी ऐन, २०७४ अन्तर्गतका नियमावली, निर्देशिकामा समसामयिक परिमार्जन तथा सुधार कार्य अगाडि बढाउने। | नेपाल सरकारको स्वीकृतीका लागि अर्थमन्त्रालयमा विधेयकको मस्यौदा पेश गरेको। |

| | | |
|---|---|---|
| २ | धितोपत्र बजार, धितोपत्रको केन्द्रीय निक्षेप कम्पनी तथा वस्तु विनिमय बजारका विनियमावली स्वीकृत गर्न तथा संशोधनका लागि पेश भएमा अध्ययन गरी आवश्यक स्वीकृति प्रदान गर्ने। | धितोपत्रको केन्द्रीय निक्षेप कम्पनीको प्रबन्धपत्र तथा नियमावली संशोधनका लागि स्वीकृती प्रदान गरेको। |
| ३ | सामूहिक लगानी कोष नियमावली, २०६७, विशिष्टीकृत लगानी कोष नियमावली, २०७५ र सामूहिक लगानी कोष निर्देशिका, २०६९ लाई समयानूकूल संशोधन र सुधार गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| ४ | धितोपत्र बजार संचालन नियमावलीमा संसोधन गरी धितोपत्र बजार सञ्चालकको चुक्ता पुँजीमा एकरूपता कायम गर्ने तथा प्राथमिक निष्काशनको व्यवस्था समेत गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| ५ | क्रेडिट रेटिङ्ग नियमावली, २०६८ मा आवश्यक संसोधन गर्ने।. | अध्ययनको प्रक्रियमा रहेको। |
| ६ | वस्तु विनिमय बजार सम्बन्धी वस्तु कारोबार व्यवसाय, राफसाफ तथा फस्यौट व्यवसाय, वेयर हाउस सम्बन्धमा आवश्यक नियमावलीहरू तर्जुमा गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| ७ | विशिष्टीकृत लगानी कोष निर्देशिका जारी गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| ८ | धितोपत्र दर्ता तथा निष्काशन नियमावलीमा प्राथमिक सेयर निष्काशनमा सुधार, Internal Financial Control (IFC) Reporting र सूचीकृत संगठित संस्थाको लेखापरीक्षकको योग्यता तोक्ने लगायतका विषय समेत समेटी संशोधन गर्ने। | समिति मार्फत अध्ययनको प्रक्रियमा रहेको। ऋणपत्रको नियमावलीको मस्यौदा बोर्डको प्रवलीकरण समितिमा छलफल भईरहेको। |
| ९ | सूचक संस्थालाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी निर्देशन, २०७६ र धितोपत्र व्यवसायीको जोखिममा आधारित सुपरिवेक्षण म्यानुअल, २०७७ संशोधन गर्ने। | सूचक संस्थालाई सम्पत्ति शुद्धीकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धी कार्य गर्ने महाशाखा बाट कार्य भइरहेको। |
| १० | धितोपत्र बजारमा देखिएका चुनौतीलाई सम्बोधन गर्न छुट्टाछुट्टै कानुनी व्यवस्था हुने गरी नेपाल धितोपत्र तथा वस्तु विनिमय बोर्ड ऐन र धितोपत्र तथा वस्तु विनिमय बजार सम्बन्धी ऐनको मस्यौदा तयार गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| ११ | सामूहिक लगानी कोष तथा केन्द्रीय निक्षेप सम्बन्धी व्यवस्थालाई बलियो बनाउन ट्रष्ट ऐनको मस्यौदा तयार गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| १२ | प्राइभेट इक्विटि र भेन्चर्स क्यापिटलहरुको स्वामित्वमा रहेको धितोपत्रको लकइन अवधि, विद्यमान कोष व्यवस्थापन शुल्क, दर्ता तथा निष्काशन शुल्कका सम्बन्धमा अध्ययन गरी आवश्यक पुनरावलोकन गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| १३ | नेपाल धितोपत्र बोर्ड र कम्पनी रजिस्ट्रार कार्यालयबीच प्रभावकारी समन्वय स्थापित गरी प्राइभेट इक्विटि र भेन्चर्स क्यापिटलहरुलाई लगानीको समयावधि सकिएपछि लगानीमा रहेको सेयर सहज ढंगले बिक्री गरी लगानी फिर्ता लैजान सक्ने व्यवस्था गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |

| | | |
|---|---|---|
| १४ | Equity Crowd Funding को सम्बन्धमा कानुनी व्यवस्था गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| १५ | बिद्युतीय माध्यमबाट लगानीकर्ताको पहिचान स्थापित गरी धितोपत्र कारोबार खाता खोल्ने सम्बन्धमा कानुनी व्यवस्था गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| १६ | सूचीकृत कम्पनीहरू वर्गीकरण व्यवस्थालाई सुधार गरी समसामयिक बनाउन विद्यमान कानूनी व्यवस्थालाई सुधार गर्न आवश्यक व्यवस्था गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| १७ | धितोपत्र कारोबारको लागि धितोपत्र दलाल व्यवसायी मार्फत मार्जिन कर्जा उपलब्ध हुने हालको व्यवस्थामा पुनरावलोकन गरी सुधार गर्ने। | मार्जिन कारोबारको सम्बन्धमा मस्यौदा तयार पारी राय सुझावका लागि सरोकारवाला पक्ष लाई जानकारी गरिएको। |
| १८ | इन्ट्रा डे कारोबार, सेक्युरिटिज लेन्डिङ एण्ड बरोइङ्ग सम्बन्धी नीतिगत तथा कानुनी व्यवस्था गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| १९ | अक्सन मार्केट (Auction markets) को व्यवस्था गर्न आवश्यक सहजीकरण गर्ने। | अध्ययनको प्रक्रियमा रहेको। |
| २० | कानुन प्रवलीकरणलाई प्रभावकारी बनाउँदै बोर्ड पक्ष वा विपक्ष भएका मुद्दामामिलामा आवश्यक बहस, पैरवी, तारिख लगायत पूर्पक्ष वा प्रतिरक्षा गर्ने। | यस अवधिमा नयाँ २ वटा मुद्दामा लिखित जवाफ पेश गरिएको, साविकको बोर्ड पक्ष । विपक्ष भएको १२ तथा नयाँ २ गरी जम्मा १४ वटा मुद्दा विचाराधिन अवस्थामा रहेको । विचाराधिन रहेका मुद्दा मामिलाहरुमा पेशी तथा तारेखमा अदालतमा उपस्थित भै वहस पैरवीलगायत अन्य आवश्यक कार्य भैरहेको तथा अदालतको आदेशानुसार तथा अन्य कार्य भैरहेको ।साथै उच्च अदालतमा बोर्ड विपक्षी भएका नयाँ १ वटा मुद्दामा लिखित जवाफ पेश गरिएको,१ वटा मुद्दामा रिट जारी हुने फैसला भएको,२ वटा मुद्दा विचाराधिन अवस्थामा रहेको । विचाराधिन रहेका मुद्दा मामिलाहरुमा पेशी तथा तारेखमा अदालतमा उपस्थित भै वहस पैरवीलगायत अन्य आवश्यक कार्य भैरहेको तथा अदालतको आदेशानुसार तथा अन्य कार्य भैरहेको ।र यसरी यस अवधिमा मुद्दा पेशी तथा तारेख गरी ५६ पटक अदालतमा उपस्थित भएको तथा आवश्यक्तानुसार लिखित जवाफ पेश गर्न अदालतमा उपस्थित हुने गरेको । |

| | | |
|---|---|---|
| २१ | गुनासो तथा उजुरी सम्बन्धि कार्यहरु | आर्थिक बर्ष २०८२।०८३ को पहिलो चौमासिक अवधि सम्ममा बोर्डमा लिखित रुपमा जुरी/गुनासो दर्ता भएको हकमा समाधानको प्रकृयामा रहेको छ। साथै नेपाल सरकार, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय हेलो सरकारको वेब पोर्टलमार्फ प्राप्त गुनासो उपर कारवाही गरी समाधानका लागि कार्य गरिएको।साथै बोर्डको टोल फ्रि तथा हटलाइन टेलिफोन तथा इमेल मार्फत प्राप्त गुनासो तथा जिज्ञासाको समाधान नियमितरुपमा नै गरिएको छ। |

धितोपत्र बजार तथा व्यवसायी सुपरिवेक्षण महाशाखा अन्तर्गत भएका कार्यहरु:

धितोपत्र बजार, सिडिएस तथा डिपि सुपरिवेक्षण शाखा

### धितोपत्र बजार

I. धितोपत्र बजारको नियमित रूपमा गैर-स्थलगत सुपरिवेक्षण भैरहेको। जस अन्तर्गत, नेप्सेको वेबसाइट, नेप्सेले बोर्डमा पेश गरेका विभिन्न विवरण तथा प्रतिवेदनहरूको नियमित रूपमा अध्ययन गर्ने तथा नियम पालनाको अवस्थाहरूको सुपरिवेक्षण गरिएको।

### केन्द्रीय निक्षेप कम्पनी तथा निक्षेप सदस्य

I. सिडिएस र निक्षेप सदस्यको नियमित रूपमा गैर-स्थलगत सुपरिवेक्षण भैरहेको। जस अन्तर्गत, सिडिएससि तथा केही निक्षेप सदस्यको वेबसाइट, बोर्डमा पेश गरेका विभिन्न विवरण तथा प्रतिवेदनहरूको नियमित रूपमा अध्ययन गर्ने तथा नियम पालनाको अवस्थाहरूको सुपरिवेक्षण गरिएको।

धितोपत्र दलाल तथा व्यापारी सुपरिवेक्षण शाखा

- आर्थिक वर्ष २०८१।८२ को नियमन शुल्क समयासीमा भित्र पेश नगर्ने ४ धितोपत्र दलाल व्यवसायीलाई आगामी दिनमा समयमानै बुझाई नियमन व्यवस्था परिपालना गर्ने तर्फ पत्राचार गरी सजग गरिएको ।

- आ.व. २०८१/८२ को चौथो त्रैमासिक प्रतिवेदन तोकिएको समयमा पेश नगरेकोले एक (१) धितोपत्र दलाल व्यवसायीलाई आवश्यक कारवाहीको प्रक्रिया अगाडि बढाउने सम्बन्धमा टिप्पणी/आदेश आवश्यक निर्णयार्थ प्रेषित् गरिएको।

**मर्चेन्ट बैंकर, क्रेडिट रेटिङ्ग तथा आश्वा सदस्य सुपरिवेक्षण शाखा अन्तर्गत भएमा कार्यहरु:**

**१. स्थलगत सुपरीवेक्षण**

| क्र.सं. | विवरण | कुल संख्या | स्थलगत सुपरिवेक्षण भएको संख्या |
|---|---|---|---|
| १. | मर्चेन्ट बैंकर | ३२ | यस अवधिभित्र नभएको |
| २. | क्रेडिट रेटिङ्ग | ३ | यस अवधिभित्र नभएको |

**२. गैरस्थलगत सुपरीवेक्षण**

| क्र.सं. | विवरण | कुल संख्या | गैरस्थलगत सुपरिवेक्षणको अवस्था |
|---|---|---|---|
| १ | मर्चेन्ट बैंकर | ३२ | निरन्तर भइरहेको |
| २ | क्रेडिट रेटिङ्ग | ३ | निरन्तर भइरहेको |

**सामुहिक तथा बिशिष्टिकृत लगानी कोष सुपरिवेक्षण शाखा**

| | | |
|---|---|---|
| १. | **सञ्चालनमा रहेको सामुहिक लगानी कोषको सुपरिवेक्षण** | |
| | गैरस्थलगत सुपरिवेक्षण भएको सामुहिक लगानी कोष | १८ वटा |
| | स्थलगत सुपरिवेक्षण भएको सामुहिक लगानी कोष | - |
| २. | **सञ्चालनमा रहेको विशिष्टीकृत लगानी कोषको सुपरिवेक्षण** | |
| | गैरस्थलगत सुपरिवेक्षण भएको विशिष्टीकृत लगानी कोष | १५ वटा |
| | स्थलगत सुपरिवेक्षण भएको विशिष्टीकृत लगानी कोष | - |

**धितोपत्र कारोबार तथा वस्तुबजार सुपरिवेक्षण शाखा अन्तर्गत भएका कार्यहरु**

**सूचीकृत संगठित संस्था सुपरिवेक्षण शाखा**

- यस आ.व.को प्रथम त्रैमासको अन्त्यसम्ममा सूचीकृत २५२ सक्रिय संगठित संस्थामध्ये १७८ वटा संस्थाले समयमा आ.व. २०८२/८३ को प्रथम त्रैमासको त्रैमासिक वित्तीय विवरण पेश गरेका, २१ संस्थाले ढिलो गरी पेश गरेका र ५८ वटा संस्थाले हालसम्म पेश नगरेका। त्यस्तै आ.व. २०८१/८२ को अन्त्यसम्ममा नेप्सेमा सक्रिय अवस्थामा कारोबार गरिरहेका २४९ सूचीकृत संगठित संगठित संस्थाहरु मध्ये हालसम्म २३ सूचीकृत संगठित संस्थाहरुले वार्षिक प्रतिबेदन पेश गरेका र विवरण पेश गर्ने समय बाँकी रहेकाले उक्त विवरणहरु प्राप्त भइरहेको ।

**नीति अनुसन्धान तथा सूचना प्रविधि महाशाखा अन्तर्गतका कार्यहरु:**

१. १ बोर्डको आ.व. २०८२।८३ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी बार्षिक नीति तथा कार्यक्रममा समाबेश हुने विषयका सम्बन्धमा राय सुझावका लागि सरोकारबालाको सहभागिमा रोयल सिंगेमा छलफल सम्पन्न भएको।

२. २ बोर्डको आ.व. २०८२।८३ को धितोपत्र बजार तथा वस्तु विनिमय बजारसम्बन्धी बार्षिक नीति तथा कार्यक्रम तयार गरी बोर्ड संचालक समितिमा पेश भई स्वीकृत भएको।

३. ३ बोर्डको आ. व. २०८२/८३ को बार्षिक नीति तथा कार्यक्रमको कार्यान्वयन कार्ययोजना तयार गरी बोर्डमा पेश भएको।

४. नेपाल सरकार अर्थमन्त्रीस्तर २०८२।०६।०३ को निर्णय अनुसार गठन भएको पुँजी बजार सुधार सझाव कार्यदलले पेश गरेको प्रतिवेन सुझावहरुसमेतको कार्यान्वनयका लागि मुख्य मुख्य क्रियाकलाप सहितको परिमार्जन कार्यान्वयन कार्ययोजना तयार गरी बोर्डमा पेश भएको।

५. बोर्डको आ.व. २०८१/८२ को काम कारवाहिको बार्षिक प्रतिबेदन तयार गरी अर्थमन्त्रालयमा पेश गरिएको।

६. बोर्डका सूचना प्रविधिको उपयोगलाई सुरक्षित बनाउन Endpoint Detection and Response (EDR) को स्पेसिफिकेसन तयार गरि खरिद पश्चात हरेक ल्यापटप/डेस्कटप कम्प्यूटरहरुमा Set-Up गरिसकिएको ।

७. बोर्डले प्रयोग गरिरहेको Microsoft 365 को Email Access मा आकस्मिक रुपमा समस्या देखिएको र सोको तत्काल समस्या समाधान गरि थप सुरक्षाका लागि Email Security खरिद गरि Set-Up गरिसकिएको।

८. नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६ को अनुसूची ५ मा रहेको भ्रमण आदेशलाई सफ्टवेयरको माध्यमबाट Generate गर्न सक्ने व्यवस्था गरिएको।

९. बोर्डको कर्मचारीहरुले बोर्डबाट प्राप्त गर्ने रकम हेर्न सक्ने गरि आन्तरिक प्रणाली विकास गरि संचालनमा ल्याइएको ।

**तलिम, प्रशिक्षण तथा वित्तीय साक्षरता महाशाखा अन्तर्गतका कार्यहरु:**

**कार्यक्रम विवरण**

| क्र.सं. | मिति | कार्यक्रम गर्ने संस्था /कार्यक्रमको विवरण | कार्यक्रम संख्या | कैफियत |
|---|---|---|---|---|
| १. | २०८२/०५/०१ देखि २०८२/०५/०३ सम्म | बोर्डबाट प्रदान गरिने तालिम, शिक्षा, सचेतना तथा क्षमता अभिवद्धि कार्यक्रमका लागि आवश्यक विज्ञ तथा विज्ञताको विकास गर्न | १ वटा | |

| | | | | |
|---|---|---|---|---|
| | | Training of Trainers (ToT) कार्यक्रम संचालन गरिएको । | | |
| २. | २०८२/०४/०१ देखि २०८२/०६/३१ सम्म | रेडियो नेपालसँग सम्झौता भई नियमितरुपमा कार्यक्रम संचालन भइरहेको । | | |

## ११. सूचना अधिकारी र प्रमुखको नाम तथा सम्पर्क टेलिफोन नम्बरः

**प्रमुख**

श्री सन्तोष नारायण श्रेष्ठ

अध्यक्ष

सम्पर्क नं.१–५५४१०५७, ५५५०५११

**सुचना अधिकारी**

श्री शिलु प्रधान

निर्देशक

सम्पर्क नं ०१–५५४१०५७, ५५५०५११

## १२. ऐन, नियम, विनियम र निर्देशिकाको सूचीः

- **ऐनहरु**

क. धितोपत्र सम्बन्धी ऐन, २०६३

ख. वस्तु विनिमय बजार सम्बन्धी ऐन, २०७४

ग. सम्पत्ति शुद्धीकरण (मनी लाउन्डरिङ्ग) निवारण ऐन, २०६४

- **धितोपत्र तथा वस्तु विनिमय सम्बन्धी नियमावलीहरु**

क. धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा धितोपत्र व्यापारी) नियमावली, २०६४

ख. साना तथा मझौला संगठित संस्थाको धितोपत्र निष्काशन तथा कारोबार नियमावली, २०८१

ग. धितोपत्र व्यवसायी (मर्चेन्ट बैंकर) नियमावली, २०६४

घ. धितोपत्र बजार संचालन नियमावली, २०६४

ङ. धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३

च. विशिष्टीकृत लगानी कोष नियमावली, २०७५
छ. सामूहिक लगानी कोष नियमावली, २०६७
ज. नेपाल धितोपत्र बोर्ड कर्मचारी सेवा शर्त नियमावली, २०६८
झ. नेपाल धितोपत्र बोर्ड आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०६६
ञ. नेपाल धितोपत्र बोर्ड खरिद नियमावली, २०७४
ट. धितोपत्र सूचीकरण तथा कारोबार नियमावली, २०७५
ठ. वस्तु विनिमय बजार सम्बन्धी नियमावली, २०७४
ड. क्रेडिट रेटिङ्ग नियमावली, २०६८
ढ. धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६७

- निर्देशिकाहरु

क. लगानी व्यवस्थापन (पोर्टफोलियो म्यानेजमेन्ट) सम्बन्धी निर्देशिका, २०६७
ख. सामूहिक लगानी कोष निर्देशिका, २०६९
ग. धितोपत्र खरिद (सार्वजनिक निष्काशन) सम्बन्धी निर्देशिका, २०७३,
घ. धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४
ङ. सूचीकृत संगठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका २०७४
च. धितोपत्रको सार्वजनिक निष्काशनको केन्द्रिकृत विद्युतीय सेवा कार्य संचालन निर्देशिका, २०७४
छ..सम्पत्ति शुद्धीकरण तथा आतंककारी क्रियाकलापमा वित्तिय लगानी निवारण निर्देशिका, २०७४
ज. बुक बिल्डिङ्ग निर्देशिका, २०७७
झ. धितोपत्र दलाल व्यवसायीले शाखा कार्यालय खोल्ने सम्बन्धी निर्देशिका, २०७९
ञ. धितोपत्र दर्ता गराएका संगठित संस्था एकआपसमा गाभ्ने/गाभिने तथा प्राप्ति सम्बन्धी निर्देशिका, २०७९
ट. धितोपत्र बजार सञ्चालनका लागि संगठित संस्था स्थापना गर्न बोर्डबाट सिफारिस प्रदान गर्ने सम्बन्धी निर्देशिका, २०७९
ठ. वस्तु विनिमय बजार सञ्चालन गर्न अनुमतिपत्र प्रदान गर्ने नीतिगत एवं प्रकृयागत व्यवस्था सम्बन्धी निर्देशिका, २०७८

- विनियमावलीहरु

क. सरकारी ऋणपत्रको दोस्रो बजार व्यवस्थापन विनियमावली, २०६२
ख. सरकारी ऋणपत्रको दोस्रो बजार कारोबार संचालन विनियमावली, २०६२
ग. धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८
घ. धितोपत्र कारोबार राफसाफ तथा फछ्र्यौट विनियमावली २०६९
ङ. धितोपत्र सूचीकरण विनियमावली, २०७५
च. धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५

माथि उल्लेखित भएको ऐन, नियम, विनियम र निर्देशिकाहरु बोर्डको वेवसाईटमा समेत राखिएको छ।

१३. आम्दानी खर्च तथा आर्थिक कारोबार सम्बन्धी विवरणः

नेपाल धितोपत्र बोर्ड

खुमलटार, ललितपुर

वित्तिय स्थितिको विवरण

३१ असोज, २०८२ (अपरिष्कृत)

(रकम रूपैयाँमा)

| विवरण | ३१ असोज, २०८२ (अपरिष्कृत) | २०८१।८२ (अपरिष्कृत) |
|---|---|---|
| **सम्पत्ति** | | |
| **गैर चालू सम्पत्ति** | | |
| स्थिर सम्पत्ति | ४७,६१०,६४३ | ४१,१५७,८४२ |
| अदृश्य सम्पत्ति | १,२९६,२३३ | ९४०,५६६ |
| सम्पत्ति खरिदको अग्रिम भुक्तानी | ४२५,६००,००० | ४२५,६००,००० |
| **वित्तिय सम्पत्ति** | | |
| लगानी | २७,२८५,००० | २७,२८५,००० |
| कर्जा तथा पेश्की | ७६,४२०,६४६ | ७६,०२३,१८६ |
| धरौटी | ५४,३२१ | ५४,३२१ |
| कर्मचारी सुविधाको अग्रिम भुक्तानी | २०,२५०,८६५ | २०,२५०,८६५ |
| स्थगन कर सम्पत्ति | ५९,८५६,७११ | ५९,८५६,७११ |
| **कुल गैर चालु सम्पत्ति** | **६५८,३७४,४१८** | **६५१,१६८,४८९** |
| **चालु सम्पत्ति** | | |
| **वित्तिय सम्पत्ति** | | |
| प्राप्त गर्नुपर्ने आम्दानी | १२,८०९,०२७ | २५४,४८८,१२३ |
| अन्य वित्तिय सम्पत्ति | २,७३६,०००,००० | २,७३६,०००,००० |
| अग्रिम भुक्तानी तथा पेश्की | ४६६,८८२,५३४ | ४७९,२६३,१९६ |
| नगद र नगद सरह मौजदात | ९०५,०१६,६६८ | ५८१,७६४,६३४ |

| | | |
|---|---|---|
| कुल चालु सम्पत्ति | ४,१२०,७०८,२२९ | ४,०५१,५१५,९५४ |
| कुल सम्पत्ति | ४,७७९,०८२,६४७ | ४,७०२,६८४,४४३ |
| **कोष तथा दायित्व** | | |
| अक्षय कोष | १,३०८,०००,००० | १,५०६,०००,००० |
| अन्य कोषहरू | २,८८४,५१६,३४९ | २,४२०,७२०,९६० |
| **कोष तथा जगेडा** | **४,१९२,५१६,३४९** | **३,९२६,७२०,९६०** |
| **दायित्व** | | |
| **गैर चालू दायित्व** | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | १८१,२३४,०८० | २००,४४४,९३८ |
| गैर चालू लीज दायित्व | १०,०००,००० | १५,३००,४५० |
| **कुल गैर चालू दायित्व** | **१९१,२३४,०८०** | **२१५,७४५,३८८** |
| **चालू दायित्व** | | |
| परिभाषित कर्मचारी सुविधा दायित्वको खुद वर्तमान मूल्य | १०,६९६,९१६ | ९,५९६,९१६ |
| चालू लीज दायित्व | १९,३०१,४९१ | १४,००१,०४१ |
| आयकर व्यवस्था र अन्य कर दायित्व | २०८,८७६,७८० | ४४३,८५९,५९३ |
| अन्य चालू दायित्व | १५६,४५७,०३१ | ९२,७६०,५४४ |
| **कुल चालू दायित्व** | **३९५,३३२,२१८** | **५६०,२१८,०९५** |
| **कुल दायित्व** | **५८६,५६६,२९८** | **७७५,९६३,४८३** |
| **कुल कोष तथा दायित्व** | ४,७७९,०८२,६४६ | ४,७०२,६८४,४४३ |

नोटः

बाह्य लेखापरिक्षकले वित्तीय विवरणमा थपघट गर्न निर्देशन दिएमा माथिको वित्तिय विवरणमा फरक पर्न सक्नेछ।

## नेपाल धितोपत्र बोर्ड

## खुमलटार, ललितपुर

## नाफा वा नोक्सानको विवरण

### २०८२ श्रावण देखि २०८२ असोज मसान्तसम्मको (अपरिष्कृत)

(रकम रूपैयाँमा)

| विवरण | २०८२।८३ (अपरिष्कृत) | २०८१।८२ (अपरिष्कृत) |
|---|---|---|
| धितोपत्र बजारबाट आम्दानी | १५७,९२२,९७५ | १,१३५,३९२,०३४ |
| अन्य आम्दानी | १९,९७६,३१४ | १६४,१९९,५०६ |
| **कुल आम्दानी** | **१७७,८९९,२८९** | **१,२९९,५९१,५४१** |

| | | |
|---|---|---|
| कर्मचारी खर्च | ३७,८५२,९४२ | २३५,२२१,८५९ |
| अन्य संचालन खर्च | २१,७१०,५३३ | ९१,५३०,४०४ |
| ह्रास कट्टि खर्च | १,०९५,६५९ | ७,९०४,१२७ |
| **संचालनबाट नाफा/बचत** | **११७,२४०,१५६** | **९६४,९३५,१५०** |
| वित्त लागत | - | १,३२५,६०२ |
| **आयकर अघिको नाफा/बचत** | **११७,२४०,१५६** | **९६३,६०९,५४८** |
| आयकर व्यवस्था | | |
| चालु आयकर | २९,३१०,०३९ | २६३,२४१,४५४ |
| स्थगन कर खर्च/(आम्दानी) | | |
| **आयकर पछिको नाफा/बचत** | **८७,९३०,११७** | **७००,३६८,०९४** |
| आयकर पछिको गैर संचालन नाफा/नोक्सान | | |
| **यस वर्षको खुद नाफा/बचत** | **८७,९३०,११७** | **७००,३६८,०९४** |

नोटः

बाह्य लेखापरिक्षकले वित्तीय विवरणमा थपघट गर्न निर्देशन दिएमा माथिको वित्तिय विवरणमा फरक पर्न सक्नेछ।

## १४. अघिल्लो आर्थिक वर्षमा बोर्डले आयोजना गरेको कार्यक्रमको विवरणः

बोर्डको आयोजनामा भएको प्रमुख कार्यक्रमहरु देहाय बमोजिम रहेको छ ।

- लगानीकर्ता प्रशिक्षण सम्बन्धि विविध कार्यक्रमहरु सञ्चालन गरिएको ।
- बोर्डको ३३ औ बार्षिकोत्सव २०८२।०२।२५ गते अर्थ मन्त्रीज्यूको प्रमुख आतित्थयमा आयोजना गरिएको । सो अवसरमा बोर्ड अध्यक्षबाट बोर्डका काम कारवाहीका र भावि प्राथमिक्तका सम्बन्धमा भनाई राख्नु भएको थियो । साथै सोही अवसरमा नेपाल धितोपत्र बोर्ड बार्षिकोत्सव लेख विशेषाङ्कको समेत बिमोचन गरिएको थियो ।
- आ.व. २०८२।८३ को नीति तथा कार्यक्रम माथि सुझाव तथा राय संकलनका लागि सम्बन्धित क्षेत्रका विज्ञहरुसंग छलफल तथा अन्तक्रिया कार्यक्रम संचालन गरिएको ।

## १५. बोर्डको वेभसाईटको विवरणः

www.sebon.gov.np

## १६. बोर्डको सूचनाहरु अन्यत्र प्रकाशन भएको विवरण ः

- नेपाल धितोपत्र बोर्ड समाचार
- सेबोन जर्नल
- Quarterly Indicators
- वार्षिक प्रतिवेदन (अंग्रेजी तथा नेपाली)

- नेपाल धितोपत्र बोर्ड एक परिचय
- धितोपत्र बजार तथा वस्तु बजारबारे बारबार सोधिने प्रश्नहरु
- पूँजी बजारसम्बन्धी साक्षरता
- नेपाल धितोपत्र बोर्ड एक परिचय संक्षिप्तमा
- प्रादेशिक प्रोफाइल
- ३१औं बार्षिकोत्सव बिषेशाङ्क
- आवश्यकत्ता अनुसार समाचार तथा सूचनाहरु बिभिन्न राष्ट्रिय दैनिक एवं अन्य पत्रपत्रिका तथा अनलाईन पोर्टलहरुमा प्रकाशन हुने गरेको ।

## १७. अन्य विवरणः

धितोपत्र बोर्डको सम्पर्क ठेगाना तथा टेलिफोन नम्बरहरुः

नेपाल धितोपत्र बोर्ड, खुमलटार, ललितपुर

पो.बं.नं.: ९०३१,

फोन नं.: ००९७७-१-५५५११६२, ५५४४०७७, फ्याक्स नं. ००९७७-१-५५४१०५८

टोल फ्रि नं.:१६६००१४४४३३

इमेलः support@sebon.gov.np